प्रस्तावहरु

१. राष्ट्रिय भूमि आयोगद्वारा ३५ दिने सूचना अनुसारको नगर/वडा समन्वय समिति गठन गर्ने सम्बन्धमा ।
२. कृषि औजार लाईब्रेरी व्यवस्थापन गर्ने सम्बन्धमा ।
३. सडक बोर्ड संग सहकार्य सम्बन्धमा ।
४. मिनि नगर सभा सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर स्तरीय सहजीकरण समिति र वडा स्तरीय सहजीकरण समिति गठन भईसकेकोले राष्ट्रिय भुमि आयोगबाट बनेको " *भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधी, २०७८* "अनुसार प्रक्रिया अगाडी बढाउने निर्णय सर्वसहमतीबाट गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको कृषि औजार लाईब्रेरी व्यवस्थापनको लागी तोकिएको २ स्थान वडा नं. १ र वडा नं. ५ मध्ये वडा नं. ५ को स्थानमा उक्त कृषि औजारहरु भण्डार गर्दा असुरक्षित रहने देखिएकोले हाललाई उक्त वडामा भण्डार हुने कृषि औजारहरु नगरपालिका कार्यालयको क्षेत्रमा भण्डारण गर्ने र उक्त औजारहरु संचालन गर्ने प्रयोजनको लागि दर रेट निर्धारण गर्न विज्ञ आमन्त्रीत गरी यथाशिघ्र दर रेट निर्धारण गरि संचालनमा ल्याउने निर्णय सर्वसहमतिबाट गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा सडक बोर्डबाट संचालनहुने योजनाहरुमा ३० प्रतिशत लागत साझेदारी नगरपालिकाबाट गर्नु पर्ने व्यवस्था रहेकोले सोहि बमोजिम यस नगरपालिकाबाट सडक बोर्डको सम्पुर्ण योजनाहरुमा ३० प्रतिशत लागत साझेदारी गरिने निर्णय सर्वसहमतिबाट गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०८०।८१ को दोश्रो नगर सभा २०८० फाल्गुन मसान्तभित्र सम्पन्न गरिने निर्णय सर्वसहमतिबाट गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकामा संचालनहुने तराई मधेश समृद्धि कार्यक्रमको सम्पुर्ण योजनाहरुमा ३० प्रतिशत लागत साझेदारी गरिने निर्णय सर्वसहमतिबाट गरियो ।

निर्णय नं. ६प्रस्ताव नं. ५माथि छलफल गर्दा यस स्थानीयतह संस्थागत स्वमुल्यांकन कार्यविधी ,२०७७ (LISA) अनुरुप आ.व. २०७९।०८० को प्राप्त नतिजा ८० प्रतिशत स्वीकृत गरी अनुमोदन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

निर्णय नं ७ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाबाट हुने सम्पुर्ण खरिद कार्यलाई व्यवस्थीत गर्न तयार गरिएको *हनुमाननगर कंकालिनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८०* पारित गर्ने निर्णय गरियो ।